☎ ०४१-५९१७१५

मधेश प्रदेश सरकार

# खेलकुद तथा समाज कल्याण मन्त्रालय

जनकपुरधाम

प.सं.: ०८२/०८३

च.नं.

## बीमा कार्यक्रमबारे जानकारी तथा सूचना

मधेश प्रदेश सरकार, खेलकुद तथा समाज कल्याण मन्त्रालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मधेश प्रदेशमा स्थायी बसोबास गरेका नागरिकहरूका लागि प्राकृतिक, विपद् र दुर्घटनाको कारणले हुने जोखिमबाट सुरक्षा गर्न यस मन्त्रालयद्वारा **दुर्घटना बीमा** र **आवासीय घर बीमा** कार्यक्रम संचालनमा रहेको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ।

### बीमा कार्यक्रमको उद्देश्य

- ☞ दुर्घटनाबाट मृत्यु वा स्थायी अशक्तता हुने नागरिक र परिवारलाई आर्थिक सुरक्षा प्रदान गर्नु ।
- ☞ नागरिकलाई आकस्मिक अवस्थापछि सामाजिक तथा आर्थिक रूपमा पुनःस्थापित गर्न सहयोग गर्नु।
- ☞ प्राकृतिक विपदबाट नागरिकको आवासीय घरमा भएको क्षतिलाई पुरा गर्न आर्थिक सहयोग गर्नु।
- ☞ विपद् वा दुर्घटनाबाट प्रभावित परिवारलाई न्यूनतम आर्थिक सहायता उपलब्ध गराउनु।

### घर बीमा

- ➢ प्राकृतिक वा मानव-निर्मित विपद्(जस्तैः आगलागी, भूकम्प, बाढी, पहिरो) बाट आवासीय घरमा हुने क्षतिको क्षतिपूर्ति उपलब्ध गराउनु।
- ➢ नागरिकलाई आफ्नो घरप्रतिको सुरक्षा अनुभूति गराउनु।
- ➢ घर बीमा मार्फत प्रदेश सरकारले नागरिकको घरधुरीमध्ये मन्त्रालयले निर्धारण गरेको संख्या बराबरको घरधुरीमा भएको प्रत्यक्ष भौतिक क्षतिको अवस्थामा नागरिकले लाभ प्राप्त गर्न सक्ने छन्।

### घर बीमा लेखले समेट्ने विषयहरूः

- ✍ अग्निजन्य क्षति
- ✍ चट्याङजन्य क्षति
- ✍ हावाजन्य क्षति
- ✍ विस्फोटजन्य क्षति
- ✍ पानीजन्य क्षति
- ✍ आकाशीय सामग्रीजन्य क्षति
- ✍ भूमिजन्य क्षति
- ✍ धक्का दिएर, लागेर वा लडेर हुने क्षति
- ✍ खस्ने वा भासिने सम्बन्धी क्षति
- ✍ हुलदङ्गा तथा आतंकवादजन्य क्षति

☎ ०४१-५९१७१५
मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम

प.सं.: ०८२/०८३

च.नं.

**घर बीमा लेखले नसमेट्ने विषयहरू:**

- ✘ जानी जानी आफैले पुर्याएको क्षति।
- ✘ पूर्व निर्धारित युद्ध, हुलदङ्गा, क्रान्तिको कारणबाट भएको क्षति।
- ✘ कुनै प्रचलित कानुन भङ्ग गरेको कारणबाट भएको क्षति।
- ✘ मादक पदार्थ वा लागु औषध सेवन गरेको प्रभावका कारणबाट भएको क्षति।

**घर बीमा दाबी गर्न आवश्यक कागजातहरु:**

- लालपुर्जाको प्रतिलिपि/लालपुर्जा नहुनेको हकमा स्थानीय तहको सिफारिस
- प्रहरीको मुचुल्का
- सम्बन्धित स्थानीय तहको सिफारिस र निर्वाचन क्षेत्रका प्रदेश सभा सदस्यको सिफारिश
- क्षतिग्रस्त अवस्था देखिने तस्वीरहरु
- क्षति भएको घरको अनुमानित रकम (घरभित्र रहेको सम्पति वाहेक)
- हकवालाको नागरिकताको प्रमाणित प्रतिलिपि
- हकवालाको बैंक खाता नम्बर देखिने चेकबुकको प्रतिलिपि

**दुर्घटना बीमा**

- प्रदेशमा स्थायी बसोबास गरेका नागरिकहरू कुनै किसिमको दुर्घटनामा परी मृत्यु वा स्थायीरूपमा अश्क्त भएमा नागरिक वा परिवारलाई आर्थिक सहयोग प्रदान गराउनु।
- नागरिकलाई आफ्नो ज्यानप्रतिको सुरक्षा अनुभूति गराउनु।

**दुर्घटना बीमा लेखले समेट्ने विषयहरू:**

- कुनै किसिमको दुर्घटनामा परी मृत्यु भएमा।
- दुर्घटनामा परी स्थायीरूपमा पूर्ण अशक्तता भएमा।

**दुर्घटना बीमा लेखले नसमेट्ने विषयहरू:** बीमालेख अन्तर्गत देहायका अवस्थामा नागरिकले लाभ पाउने छैन।

- ✘ जानी जानी आफैले लगाएको चोटको कारणबाट भएको हानि।
- ✘ आत्महत्या वा यसको प्रयास।
- ✘ मादक पदार्थ वा लागु औषधको प्रभावका कारण।
- ✘ गैरकानूनी तरिकाले उडेको उडानबाट दुर्घटना भएमा।
- ✘ खतरनाक खेलहरू जस्तै- घोडादौडा, बञ्जी जम्पिङ, प्यारागलाइडिङ, मोटरसाइकल रेस बाट।
- ✘ मनोरञ्जन वा स्टन्ट गर्ने क्रममा भएको दुर्घटना।
- ✘ कुनै प्रचलित कानुन भङ्ग गरेको कारणबाट भएको दुर्घटना।
- ✘ पूर्व निर्धारित युद्ध, हुलदङ्गा, क्रान्ति भएको कारणबाट भएको क्षति।

☎ ०४१-५९१७१५

मधेश प्रदेश सरकार

# खेलकुद तथा समाज कल्याण मन्त्रालय

जनकपुरधाम

प.सं.: ०८२/०८३

च.नं.

**दुर्घटना बीमा दाबी गर्न आवश्यक कागजातहरू:**

- मृतकको नागरिकता प्रमाणित प्रतिलिपि
- मृतकको पोष्टमार्टम रिपोर्ट
- प्रहरीको मुचुल्का
- नाता प्रमाणित प्रमाणपत्र
- हकवालाको नागरिकताको प्रमाणित प्रतिलिपि
- सम्बन्धित स्थानीय तह (वडा) कार्यालय र नजिकको प्रहरी कार्यालयको सिफारिस
- स्थानीय बसोबास गरेको प्रमाण
- मृत्युदर्ता प्रमाणपत्र
- हकवालाको बैंक खाता नम्बर देखिने चेकबुकको प्रतिलिपि

**स्पष्टिकरण**

- दुर्घटना बीमा गरिएको नागरिक वा हकवालाले घटना भएको मितिले ३५ दिन भित्र मन्त्रालयमा आवश्यक कागजात बुझाउनुका साथ बीमकलाई मन्त्रालयको सिफारिस सहित लिखित जानकारी दिनुपर्ने।
- नागरिकता प्राप्त नगरेको व्यक्तिको हकमा स्थानीय तहको सिफारिस र विवाहित महिला भएमा विवाह दर्ताको प्रमाणपत्र।
- स्थायी बसोबास गरेको प्रमाणको हकमा नागरिकता प्रमाणपत्रमा मधेश प्रदेशको स्थायी बासस्थान उल्लेख भएको वा मतदाता परिचयपत्र पेश गर्नुपर्नेछ।
- दुर्घटनाबाट पूर्ण अशक्त भएको ब्यक्तिको हकमा बीमा रकम पाउने ब्यक्ति वा हकवाला स्वयं त्यही ब्यक्ति हुनेछ।
- दुर्घटनाबाट मृत्यु भएको खण्डमा मृतकको नजिकको हकवालाको नाता प्रमाणित पेश गर्नुपर्नेछ।
- आवासीय घर क्षति भएमा लालपुर्जामा उल्लेखित ब्यक्तिले क्षतिपूर्ति वापतको बीमा रकम पाउने छ। लालपुर्जामा उल्लेखित ब्यक्तिको मृत्यु भएको खण्डमा नजिकको हकवालाले नाता प्रमाणित पेश गरेमा हकवालाले क्षतिपूर्ति वापतको बीमा रकम पाउने छ।